# रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन

## कार्यविधि,२०८०

## दशरथचन्द नगरपालिका

गढी,बैतडी

CamScanner

# रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन

# कार्यविधि,२०८०

कार्यपालिका बाट स्वीकृति मिति :-२०८०/०६/२९

**प्रस्तावना:**दशरथचन्द नगरपालिकामा रोजगारीको क्षेत्रमा रहेका विभिन्न अवसर तथा सम्भावनाहरुको पहिचान,समस्या हरुको निदान र रोजगारी सृजनाका नविनतम् उपाय , ढाँचा तथा विधिहरुको विकास गर्न र रोजगार नीति र कार्यक्रमका सम्वन्धमा आवश्यक सुझाव दिन यस नगरपालिका स्तरमा रोजगार संवाद मञ्च गठन तथा संचालन गर्न वाञ्छानीय भएकोले ,

नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ४७ बमोजिम र स्थानीय सरकार सञ्चालन ऐनको २०७४ को दफा १०२ भित्र रही **"रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०"** तर्जुमा गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"रोजगार संवाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **"परिभाषा"** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"ऐन"** भन्नाले रोजगारीको हक सम्वन्धी ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ख) **"निर्देशिका"** भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) **"नियमावली"** भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

(घ) **"मन्त्रालय"** भन्नाले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) **"कार्यक्रम"** भन्नाले तिनै तहको श्रम तथा रोजगारमुलक सेवा प्रदान गर्ने कार्यक्रम लाई सम्झनु पर्दछ ।

(च) **"रोजगार संवाद मञ्च"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको समिति लाई सम्झनु पर्दछ ।

(छ) **"बेरोजगार व्यक्ति"** भन्नाले एक आर्थिक बर्षमा न्युनतम एक सय दिन रोजगारीमा संलग्न नभएको वा कम्तिमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्ष देखि उनान्साठि बर्ष उमेर समुहको नेपाली नागरिक सम्झनु पर्दछ ।

(ज) **"रोजगारदाता"** भन्नाले यस दशरथचन्द नगरपालिका अन्तरगतका कार्यलय तथा निकाय र सार्वजनिक संस्थान तथा संगठित संस्था ,उद्योग, प्रतिष्ठान तथा कानुन बमोजिमं संञ्चालनमा रहेका रोजगारमुलक संस्थाहरु सम्झनु पर्दछ ।

(झ) **"रोजगार सेवा केन्द्र"** भन्नाले आन्तरिक रोजगारी सिर्जना तथा रोजगारी सम्वन्धी अन्य सेवा प्रदान गर्नको लागि रोजगारीको हक सम्वन्धी ऐन २०७५ को दफा १० बमोजिम यस दशरथचन्द नगरपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्र सम्झनु पर्दछ ।

(ञ) **"संयोजक"** भन्नाले रोजगार संवाद मञ्च र सो मञ्चले गठन गरेको कार्यदलको संयोजक समेतलाई सम्झनु पर्दछ ।

(ट) **"नगरपालिका"** भन्नाले दशरथचन्द नगरपालिका लाई सम्झनु पर्दछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

## परिच्छेद २

## रोजगार संवाद मञ्चको गठन

... नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
..., बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

३. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ४७ बमोजिम स्थानीय तहमा रहेको आर्थिक विकास समितिको संयोजकत्वमा एक रोजगार संवाद मञ्च रहनेछ । जसको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाको आर्थिक विकास समिति संयोजक - संयोजक

(ख) नगरपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) नगर योजना आयोगका प्रतिनिधि - सदस्य

(ङ) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(च) संचार क्षेत्रको स्थानीय प्रतिनिधि - सदस्य

(छ) स्थानीय तहमा आबद्ध निर्माण व्यवसायीहरुको तर्फबाट एक जना - सदस्य

(झ) घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि - सदस्य

(ञ) स्थानीय स्तरको व्यवसायिक कृषक प्रतिनिधि - सदस्य

(ट) नगरपालिकाको रोजगार संयोजक - सदस्य सचिव

पुष्कर राज जोशी
नगर प्रमुख

## परिच्छेद ३

## रोजगार संवाद मन्चको काम, कर्तव्य र अधिकार

**४.रोजगार संवाद मन्चको काम, कर्तव्य र अधिकार**

(क) स्थानीय क्षेत्रमा रहेका रोजगारीका सम्भावना हरुको पहिचान गर्ने ।

(ख) रोजगारीको क्षेत्रमा रहेका समस्या हरुको पहिचान गरि समाधानका लागि सुझाव तथा विज्ञ समेतको संलग्नतामा नविनतम उपाय तथा ढाँचा निर्माण गर्ने ।

(ग)बेरोजगारीको समस्यालाई दिगो वा दिर्घकालिन रुपमा सामाधान गर्न रोजगारी सम्वन्धी विषयका लागि नीति , नियम , रणनीति तथा कार्यनीति तर्जुमा तथा संसोधनका लागि सुझाव दिने ।

(घ) रोजगारी सिर्जना व्यवस्थित र मर्यादित रोजगारी तथा श्रमको सम्मानका लागि विभिन्न कार्यक्रम तर्जुमाका लागि सुझाव दिने ।

(ङ) रोजगारीको खोजिमा रहेका व्यक्ती तथा रोजगारी सम्बद्ध तथ्याकं आवश्यक्ताको आधारमा अद्यावधिक गर्ने र उपलब्ध विवरणको विश्लेषण गर्ने ।

(च) तालिम र सीप विकासका स्थानीय आवश्यक्ता र सम्भावना बारे सुझाव प्रदान गर्ने ।

(छ) नगरपालिकाको बजेट तथा कार्यक्रम बाट रोजगार मुलक आयोजना तर्जुमाको लागि छलफल र अध्यन गरि सुझाव दिने ।

(ज) निजि क्षेत्रलाई आवश्यक जनशक्तिको पुर्वानुमान तथा आवश्यक सीपमुलक जनशक्तिको आकलन गरि सुझाव पेश गर्ने ।

(झ) श्रम बजारको माग अनुसार तालिम कार्यक्रमको पहिचान तथा कार्यान्वयनमा पालिका ,सहकारी ,तालिम सेवा प्रदायक संस्था लगायत सम्भावित रोजगारदाताहरु सँग समेत सहकार्य गर्ने ।

(ञ) रोजगार संवाद मन्चले रोजगार सेवा केन्द्र मार्फत प्रदान गरिने सेवा सुविधा बारे छलफल र प्रभावकारी सेवा प्रवाह तथा कार्यक्रम सन्चालनका लागि आवश्यक सहयोग,सहजिकरण, र समन्वय गर्ने ।

(ट) रोजगारी सम्वद्ध विविध कार्यक्रम तथा गतिविधिको अनुगमन मुल्याकंन गरि पृष्ठपोषण गर्ने

पुष्कर राज जोशी
नगर प्रमुख

दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोठी, सतंगा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ४

## बैठक सम्बन्धी व्यवस्था

५) रोजगार संवाद मञ्चको बैठक सामान्यता प्रत्येक ६।६ महिनामा बस्ने छ तर आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्ने छ ।

(क) संयोजकको निर्देशनमा सदस्य सचिवले कार्यसूचि सहित बैठक बोलाउनु पर्नेछ ।

(ख) रोजगार संवाद मञ्चको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(ग) बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

(घ) बैठकमा बहुमतका आधारमा निर्णय पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्नेको मत निर्णायक मानिने छ ।

(ङ) बैठकबाट पारित निर्णयहरुको अभिलेखीकरण सदस्य सचिवले संयोजकबाट प्रमाणित गराई राख्नु पर्ने छ ।

(च) मञ्चले आफ्नो कार्यक्षेत्रभित्र पर्ने बिषयमा छानबिन गर्न तथा परामर्श गर्न समय तोकि कार्य दल गठन गर्न सक्नेछ र उक्त कार्य दलका सदस्यले छलफलमा भाग लिन सक्नेछन् ।

(छ) मञ्चले आफ्नो बैठकमा नगरपालिकाका पदाधिकारी, कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गरि परामर्श र राय लिन सक्नेछन् ।

(ज) मञ्चको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णयक मत दिनेछ ।

(झ) मञ्चको सचिवालय रोजगार सेवा केन्द्रमा रहनेछ ।

(ञ) मञ्चका सदस्यहरुले बैठकमा भाग लिए बापत नियमअनुसारको बैठक भत्ता पाउनेछन ।

पुष्कर राज जोशी
नगर प्रमुख

CS CamScanner

## परिच्छेद ५

## विविध

६) **मञ्चलाई आवश्यक बजेटको व्यवस्था** : रोजगार संवाद मञ्चको बैठक, अध्ययन, अनुगमन,मूल्याङ्कन र छानबिन गर्न आवश्यक बजेटको विनियोजन नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

७) **सूचना, कागजात तथा विवरण उपलब्ध गराउनुपर्ने** : मञ्चले मागेको कागजात विवरण सूचना उपलब्ध गराउने नगरपालिका एवं नगरपालिकाका कर्मचारीको कर्तव्य हुनेछ ।

८) **जानकारी दिनूपर्ने** : मञ्चले राजगारी सम्बद्ध विविध कार्यकम तथा गतिविधिको अनुगमन मूल्याङ्कन गरि पृष्ठपोषण दिने प्रयोजनमा जादा नगरपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

९) **बाधा अड्काउ फकाउने** : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१०) **परिमार्जन तथा संशोधन** : कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

११) यो कार्यविधि नेपालको कुनै ऐन कानुनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज भएको मानिने छ ।

१२) प्रधानमन्त्री रोजगार कार्यकम संचालन निर्देशिका२०७५, रोजगारीको हक सम्वन्धी ऐन, २०७५ र रोजगार संवाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० मा उल्लेख नभएको तर स्थानीय स्तरमा आवश्यकता बमोजिम काम गर्न आवश्यक भए सो को लागि नगर कार्यपालिकाले आवश्यकता बमोजिम छलफल तथा निर्णय गरी कार्यान्वयन गर्न सक्ने छ ।

१३) **प्रतिवेदन** : रोजगार संवाद मञ्चले कामको बार्षिक प्रतिवेदन नगर सभा हुनुअघि कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ । उक्त प्रतिवेदनमा रोजगार संवाद मञ्चले दिएका राय सुझावको कार्यान्वयनको स्थिति समेत समावेश गर्नुपर्नेछ ।

पुष्कर राज जोशी
नगर प्रमुख